सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २१६ ♦ २०८२ साल चैत्र २९ आइतवार ♦ 12 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# घाटामा गुड्दै नेपालको एकमात्र रेल सेवाः सुधार नगरे संकट झन् गहिरिने

**खबर दर्पण समाचारदाता**
**चैत्र २८ गते, बर्दिवास**



नेपालको एकमात्र रेल सेवा सञ्चालनमा रहेको नेपाल रेल्वे कम्पनी लिमिटेड आर्थिक घाटा, व्यवस्थापकीय कमजोरी, जनशक्ति अभाव र प्रशासनिक ढिलासुस्तीका कारण गम्भीर संकटतर्फ उन्मुख भएको छ। यात्रुका लागि सेवा प्रभावकारी र सहज बन्दै गए पनि कम्पनीको आर्थिक तथा संरचनात्मक अवस्था भने लगातार कमजोर हुँदै गएको देखिएको छ।

हाल भारतको जयनगर देखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म रेल सेवा सञ्चालनमा छ। दैनिक तीन पटक सञ्चालन हुने यो सेवा स्थानीयवासीका लागि भरपर्दो यातायातको माध्यम बनेको छ। इनर्वाका ६५ वर्षीय रामसुरत मण्डलका अनुसार रेल सेवाले दैनिक जीवन निकै सहज बनाएको छ। मोटरसाइकलमा करिब एक घण्टा लाग्ने दूरी रेलबाट १५ मिनेटमै पार गर्न सकिने उनी बताउँछन्।

वि.सं. १९९४ देखि सञ्चालनमा रहेको पुरानो न्यारो गेज रेल सेवा २०७० माघमा ब्रोड गेज विस्तारका लागि बन्द गरिएको थियो। त्यसपछि २०७८ चैत १९ गतेदेखि पुनः सेवा सञ्चालनमा आएको रेल अहिले ५२ किलोमिटर क्षेत्रमा विस्तार भइसकेको छ। महोत्तरी र धनुषाका विभिन्न स्टेशन हुँदै भारतसम्म जोडिएको यो सेवा यात्रुका दृष्टिले प्रभावकारी देखिए पनि आर्थिक हिसाबले भने सुरुदेखि नै घाटामा सञ्चालन हुँदै आएको छ।

कम्पनीको व्यावसायिक कार्ययोजना-२०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म पाँच वर्षमा १९ करोड २१ लाख रुपैयाँ आम्दानी हुँदा ६७ करोड ३७ लाख रुपैयाँ खर्च भएको छ। यस अवधिमा ४८ करोड १५ लाख ८० हजार रुपैयाँ घाटा व्यहोर्नुपरेको छ, जुन आम्दानीभन्दा झन्डै तेब्बर बढी हो।

वार्षिक रूपमा आम्दानी बढ्दै गए पनि खर्चको दर अझ तीव्र छ। पछिल्लो आर्थिक वर्ष २०८०/०८१ मा ८ करोड ५० लाख आम्दानी हुँदा २६ करोड २७ लाख रुपैयाँ खर्च भएको छ। हाल मासिक आम्दानी करिब ७५ लाख रुपैयाँ हुँदा खर्च १ करोड २९ लाख रुपैयाँ पुग्ने गरेको छ।

कम्पनीको आम्दानीका स्रोत टिकट बिक्री, वीरगञ्जस्थित जग्गा तथा गोदाम भाडा, सटर भाडा र तरकारी बजार भाडामा सीमित छन्। तर यी स्रोतबाट खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा ऋण लिँदै आएको छ। २०८१ असार मसान्तसम्म सावाँ र ब्याजसहित कुल ऋण ७९ करोड ४ लाख रुपैयाँ नाघेको छ।

घाटाको प्रमुख कारणमध्ये भारतबाट ल्याइएका प्राविधिक कर्मचारीको उच्च खर्च पनि एक हो। हाल १७ जना भारतीय कर्मचारी कार्यरत छन्, जसका लागि मासिक करिब १ करोड १२ लाख रुपैयाँ खर्च भइरहेको छ। यसको तुलनामा नेपालीतर्फ १०३ जना कर्मचारीको कुल तलब मात्र १७ लाख रुपैयाँ छ। कम्पनीका अनुसार नेपाली दक्ष जनशक्ति उत्पादन गर्न सके खर्च उल्लेखनीय रूपमा घटाउन सकिन्छ।

स्थायी प्राविधिक जनशक्तिको अभाव, वर्कसपको कमी, स्वदेशी चालक तथा स्टेशन मास्टरको अभाव, फ्युलिङ स्टेसन नहुनु तथा इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले सञ्चालन खर्च अझ बढाएको छ। त्यसमाथि कम्पनी लामो समयदेखि महाप्रबन्धकविहीन रहँदा प्रशासनिक निर्णय र

*बाँकी पृष्ठ ३ मा*

# मधेशका ६ कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी




**खबर दर्पण समाचारदाता**
**चैत्र २८ गते, बर्दिवास**

मधेश प्रदेशका ६ जिल्लामा रहेका कारागारहरूमा आवश्यकता भन्दा बढी कैदी बन्दी भएका कारणले कारागारको समग्र व्यवस्थापनमा समस्या उत्पन्न भएको छ।

मधेश प्रदेशका धनुषा र बारा बाहेकका सबै जिल्लाहरूमा कारागार अर्थात् सुधार गृह भए पनि कैदी बन्दी क्षमता भन्दा कतै दुई गुणा तथा कतै तीन चार गुणाले बढी भएका कारणले विभिन्न प्रकारको समस्याहरू देखिएको छ।

मधेश प्रदेशका ६ वटा

*बाँकी पृष्ठ ३ मा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

**श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय**
गौशाला, महोतरीको

**शैक्षिक सत्र २०८३का लागि Diploma in Civil Engineering (9-12)**

संकाय आध्ययन गर्ने ईच्छुक छात्र-छात्रहरुलाई फारम भर्नाको लागि आहवान गरिन्छ।


**हाम्रो विशेषताहरु**

१. अनुशासित वातावरणमा दक्ष शिक्षक/प्रशिक्षकद्वारा अध्यापन गराईने।
२. सुविधा सम्पन्न प्रयोगशालाको छुट्टा छुट्टै विषयको व्यवस्था भएको।
३. प्रत्येक कक्षामा र विद्यालयको हरेक ठाउँमा CC TV क्यामराको निगरानीमा अध्यापन साथै विद्यार्थीको रेखदेख निगरानी गरिने।
४. Civil Engineering मा अध्ययन छात्र/छात्राहरुका लागि परीक्षण सम्बन्धी प्रयोगशालाको व्यवस्था।
५. प्रत्येक कक्षामा वर्ग विभाजनको (Section) व्यवस्था।
६. स्मार्ट वोर्डको प्रयोग गरि अध्यापन गराईने।

**हाम्रो कार्यक्रम**

१. फारम वितरण २०८२-१२-२० गतेदेखि २०८३-०१-०४ सम्म।
२. Orientation Class २०८३-०१-०२ गतेदेखी ०५ गते सम्म
३. प्रवेश परीक्षा २०८३-०१-०६ गते।
४. भर्ना सुरु २०८३-०१-०७ गतेबाट
५. कक्षा संचालन २०८३-०१-१३ गतेबाट..............
६. सम्पर्क स्थान : श्री त्रि.न.मा.वि. को कार्यालय
७. समय विहान ७:०० बजेदेखि ११:०० बजे सम्म।
८. फारम र प्रवेश परीक्षा दस्तुर रु १००/-।





भवदिय: श्री त्रिभूवन नमूना माध्यमिक वि. परिवार
गौशाला-५, महोतरी

प्र.अ. विनोद महतो
Mo. 9814800989
Co-ordinator:-
Er. Pappu Kr. Roushan
Mo:-9801674850

# बन्द उद्योग पुनः सञ्चालनको तयारीः पीपीपी मोडलमा औद्योगिक पुनर्जागरणको संकेत

**खबर दर्पण समाचारदाता**
**चैत्र २८ गते, बर्दिवास**




लामो समयदेखि बन्द अवस्थामा रहेका सात प्रमुख सरकारी उद्योग पुनः सञ्चालनमा ल्याउने तयारी सरकारले अघि बढाएको जनाएको छ। औद्योगिक क्षेत्रको पुनर्जीवन, रोजगारी सिर्जना तथा आन्तरिक उत्पादन वृद्धि गर्ने लक्ष्यसहित सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलमार्फत ती उद्योग सञ्चालन गर्ने योजना अघि सारिएको हो।

सरकारले गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कार खाना लिमिटेड, बुटवल धागो कारखाना, नेपाल मेटल कम्पनी, नेपाल ओरिण्ड एण्ड म्याग्नेसाइट, हेटौंडा कपडा उद्योग र उदयपुर सिमेन्ट लिमिटेड लाई पुनः सञ्चालनमा ल्याउने उद्देश्यसहित आवश्यक प्रक्रिया अघि बढाएको जनाएको छ।

यी उद्योगहरू कुनै समय नेपालको औद्योगिक विकासका प्रमुख आधारस्तम्भ मानिन्थे। तर व्यवस्थापन कमजोरी, वित्तीय संकट, प्रविधिको अभाव र नीतिगत अस्पष्टताका कारण लामो समयदेखि बन्द छन्। अब अर्थ मन्त्रालय ले पहिलो चरणमा विस्तृत लेखापरीक्षण (डिटेल अडिट) तथा सम्पत्ति-दायित्वको मूल्यांकन गर्ने प्रक्रिया अघि बढाएको छ।

यसबाट उद्योगहरूको वास्तविक अवस्था पहिचान गरी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ। त्यसपछि निजी क्षेत्रलाई आकर्षित गर्ने गरी साझेदारी ढाँचा तयार पार्ने योजना रहेको छ। सरकारका अनुसार पीपीपी मोडलले निजी क्षेत्रको दक्षता, प्रविधि र व्यवस्थापन क्षमता उपयोग गर्न सहयोग पुऱ्याउनेछ भने सरकारी स्वामित्व कायम राख्दै दीर्घकालीन सञ्चालन सुनिश्चित गर्न सकिने विश्वास गरिएको छ।

यस पहलले राज्यको आर्थिक भार घटाउने र उद्योगहरूलाई प्रतिस्पर्धी बनाउने लक्ष्य पनि राखेको छ। तर उद्योग पुनः सञ्चालनको तयारीसँगै मधेश प्रदेश सरकार भने अन्योलमा परेको देखिन्छ। लामो समयदेखि जनकपुर चुरोट कारखाना लिमिटेड को भवनबाट प्रदेश सरकारका विभिन्न प्रशासनिक कार्यालय सञ्चालन हुँदै आएका छन्, जहाँ मुख्यमन्त्रीदेखि उच्च अधिकारीहरूको आवास समेत रहेको छ।

यदि उद्योग पुनः सञ्चालनमा आएमा प्रदेश सरकारले वैकल्पिक स्थान व्यवस्थापन गर्नुपर्ने अवस्था आउनेछ, जसले प्रशासनिक व्यवस्थापनमा चुनौती थप्ने देखिन्छ।

यसअघि तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादव ले उक्त उद्योग सीमित रूपमा सञ्चालन गर्ने प्रयास थालेका थिए। तर योजना पूर्ण रूपमा कार्यान्वयन हुन सकेन। पछिल्लो राजनीतिक परिवर्तनसँगै पुनः उद्योग सञ्चालनको विषयले गति लिएको हो।

संघीय सरकार अहिले स्थिर राजनीतिक अवस्थाको दाबी गर्दै औद्योगिक क्षेत्र सुधारलाई प्राथमिकतामा राखेको छ। सोही रणनीतिअनुसार बन्द उद्योगहरू पुनर्जीवित गर्ने अभियानलाई अगाडि बढाइएको बताइएको छ।

उद्योग पुनः सञ्चालनसँगै स्थानीय स्तरमा रोजगारी सिर्जना, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने अपेक्षा गरिएको छ। विशेषगरी उदयपुर सिमेन्ट लिमिटेड र हेटौंडा कपडा उद्योग सञ्चालनमा आएमा निर्माण तथा वस्त्र क्षेत्रमा आत्मनिर्भरता बढ्ने विश्वास गरिएको छ।

यद्यपि विगतमा यस्ता प्रयासहरू सफल हुन नसकेको अनुभव र हेकाले यसपटकको पहल कत्तिको प्रभावकारी हुन्छ भन्नेमा सरोकारवालाहरू सतर्क छन्। निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने, पारदर्शी प्रक्रिया अपनाउने तथा दीर्घकालीन व्यावसायिक योजना निर्माण गर्ने चुनौती अझै कायम रहेको स्थानीय व्यवसायीहरूको भनाइ छ।

बन्द उद्योग पुनः सञ्चालन गर्ने सरकारी प्रयासलाई देशको औद्योगिक पुनर्जागरणतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

# राजर्षि जनक विश्वविद्यालयमा नेविसंघको नयाँ नेतृत्व, त्रिलोकलाई अध्यक्षको जिम्मेवारी

**खबर दर्पण समाचारदाता**
**चैत्र २८ गते, महेन्द्रनगर**

नेपाल विद्यार्थी संघले राजर्षि जनक विश्वविद्यालय अन्तर्गतको समिति नेतृत्वमा नयाँ जिम्मेवारी तोकेको छ। संघको केन्द्रीय कार्यसमितिले धनुषाका त्रिलोक कुमार यादवलाई विश्वविद्यालय समिति अध्यक्षको जिम्मेवारी प्रदान गरेको हो।

संघको केन्द्रीय कार्यालय काठमाडौंबाट जारी पत्रअनुसार विश्वविद्यालय समितिको अध्यक्ष पद रिक्त रहेकाले विधानअनुसार यादवलाई उक्त जिम्मेवारी दिइएको उल्लेख गरिएको छ। पत्रमा संघको विधान २०२७ (सातौं संशोधन २०७५) बमोजिम तीन महिनाभित्र अधिवेशन सम्पन्न गर्ने जिम्मेवारी पनि यादवलाई दिइएको छ।

संघका अध्यक्ष दुजाङ शेर्पाद्वारा हस्ताक्षरित पत्रमा नवनियुक्त अध्यक्ष यादवले संगठनलाई विधि, विधान र मर्यादाभित्र रहेर गतिशील बनाउने विश्वास व्यक्त गरिएको छ। साथै, उनको नेतृत्वले संगठनलाई थप उचाइमा पुऱ्याउने विश्वाससमेत गरिएको छ।

नेविसंघले विश्वविद्यालय तहमा संगठन विस्तार तथा सुदृढीकरणलाई प्राथमिकतामा राख्दै नेतृत्व चयन गरेको जनाएको छ।



## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरधाममा उद्यमशीलता सीप विकास कार्यक्रम सम्पन्न



खबर दर्पण समाचारदाता
**चैत्र २८ गते, बर्दिवास**

अमेरिकी दूतावास नेपालद्वारा जनकपुरधाममा आयोजना गरिएको उद्यमशीलता सीप विकास कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका ३० जना उद्यमशीलताप्रति उत्साही युवाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्देश्य नवउद्यमीहरूलाई व्यवसाय सुरु गर्न, विस्तार गर्न तथा प्रतिस्पर्धी बन्न आवश्यक सीप र ज्ञान प्रदान गर्नु रहेको आयोजकले जनाएको छ ।

सहभागीहरूले उद्यम सञ्चालन, नेतृत्व विकास, बजार प्रतिस्पर्धा तथा नवीन सोच सम्बन्धी विभिन्न विषयमा प्रशिक्षण लिएका थिए ।

कार्यक्रममा एनवाईईएफ जनकपुर च्याप्टरको तर्फबाट प्रतिनिधित्व गर्दै वक्ताहरूले नयाँ पुस्ताका आत्मनिर्भर उद्यमी उत्पादन गर्नुपर्ने आवश्यकता औंल्याए ।

उनीहरूले स्थानीय स्तरमै प्रभाव पार्ने र विश्वव्यापी सोच राख्ने उद्यमी तयार गर्न यस्ता कार्यक्रमहरू महत्वपूर्ण हुने बताए ।

कार्यक्रम सफल बनाउन इन्टरनेशनल डेभलपमेन्ट इन्स्टिच्युट, आद्यन्त एडभाइजरी, एमच्याम नेपाल तथा द ग्लोबल इम्प्याक्ट कलेक्टिभले सहकार्य गरेका थिए ।

आयोजकका अनुसार यस्ता कार्यक्रमले मधेश प्रदेशमा उद्यमशीलताको वातावरण सुदृढ बनाउँदै युवालाई रोजगारी सिर्जना तथा आत्मनिर्भरतातर्फ प्रेरित गर्ने विश्वास लिइएको छ ।

# सरकारी विज्ञापन नीतिविरुद्ध महासंघ आक्रामक

खबर दर्पण समाचारदाता
**चैत्र २८ गते, बर्दिवास**




नेपाल पत्रकार महासंघले सरकारी विज्ञापन निजी सञ्चार माध्यमलाई नदिने सरकारी निर्णयप्रति कडा आपत्ति जनाउँदै संघीय संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दललाई ध्यानाकर्षण पत्र पठाएको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालका अनुसार शनिबार विभिन्न दलका शीर्ष नेताहरूलाई छुट्टाछुट्टै पत्र पठाउँदै उक्त निर्णयविरुद्ध संसद्मा आवाज उठाउन आग्रह गरिएको हो ।

ध्यानाकर्षण पत्र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेताहरूलाई पठाइएको उनले जानकारी दिए ।

महासंघले सरकारको उक्त निर्णय प्रेस स्वतन्त्रता, सूचनाको हक, खुला अर्थतन्त्र र संघीय व्यवस्थाको मर्मविपरीत रहेको ठहर गरेको छ । साथै यस्तो निर्णयले सञ्चार क्षेत्रमाथि अप्रत्यक्ष नियन्त्रण बढ्ने, निजी तथा सामुदायिक सञ्चार माध्यमको अस्तित्व संकटमा पर्ने र श्रमजीवी पत्रकारको रोजगारी असुरक्षित हुने जोखिम रहेको महासंघको भनाइ छ ।

पत्रमा सूचनाको पहुँचमा असन्तुलन र केन्द्रीकरण बढ्ने तथा प्रतिस्पर्धात्मक प्रणाली कमजोर हुनेतर्फ पनि ध्यानाकर्षण गराइएको छ ।

महासंघले निर्णय तत्काल खारेज गर्न सरकारलाई आग्रह गरे पनि यस विषयमा सरकार गम्भीर नदेखिएको आरोप लगाएको छ ।

यस्तै, सञ्चारमाध्यममाथि आर्थिक दबाब कायम रहे महासंघले आन्दोलनको बाटो रोज्ने चेतावनी दिएको छ ।

महासंघको केन्द्रीय समिति बैठकबाट आन्दोलनका कार्यक्रम घोषणा हुन सक्ने महासचिव दाहालले बताएका छन् ।

# धनुषाको हंसपुर-६ मा निःशुल्क...........

यता बालरोग विशेषज्ञ डा. इन्द्र भूषण सिंहका अनुसार हाल बालबालिकामा पेट दुख्ने तथा मौसम परिवर्तनका कारण भाइरल ज्वरोको प्रकोप बालबालिकाहरूमा देखा पर्न थालेको हुँदा उचित खान पानमा ध्यान दिनलाई आग्रह गरे।

यसैगरी, हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा. विपिन पाण्डेले बिरामीमा गाठिया ( बाथ)सम्बन्धी समस्या बढ्दो क्रममा रहेको जानकारी दिए। शिविरमा स्वास्थ्य परीक्षणसँगै निःशुल्क औषधि वितरणसमेत गरिएको थियो।

स्थानीयवासीहरूले शिविरबाट आफूहरू निकै लाभान्वित भएको बताएका छन्।

यस्ता कार्यक्रमले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा सहज रूपमा पुर्‍याउन महत्वपूर्ण योगदान गर्ने सहभागीले विश्वास व्यक्त गरेका छन्।

कार्यक्रममा सहभागी चिकित्सक तथा सहयोगीहरूलाई प्रशंसापत्र प्रदान गरिएको थियो। कार्यक्रममा हंसपुर नगर पालिका-६ का वडा अध्यक्ष, सुरेन्द्र कुमार मण्डल , ज्ञान वरदान इङ्लिश बोर्डिङ स्कुलका संस्थापक प्रिन्सिपल गणेश कुमार यादव, प्रिन्सिपल सन्तोष कुमार यादव, हंसपुर नगरपालिकाका ल्याब प्रमुख शंकर महतो, औरही गाउँपालिकाका ल्याब प्रमुख सरोज कुमार यादव, नैना हस्पिटल एण्ड दिव्या क्लिनिकका सल्लाहकार उमेश राउत लगायत स्थानीय बुद्धिजीवी तथा समाजसेवीहरूको उपस्थिति रहेको थियो ।

# घाटामा गुड्दै....

योजना कार्यान्वयनमा ढिलाइ भइरहेको छ।

रेल सेवालाई आत्मनिर्भर बनाउन कम्पनीले केही विकल्प अघि सारेको छ। रक्सौलस्थित २८ एकड जग्गा व्यावसायिक रूपमा भाडामा लगाएर वार्षिक करिब ८ करोड रुपैयाँ आम्दानी गर्ने योजना बनाइएको छ। त्यस्तै, ऐतिहासिक स्टिम इन्जिनसहित रेल म्युजियम स्थापना गरेर पर्यटन प्रवर्द्धन तथा थप आम्दानी जुटाउने योजना पनि अघि सारिएको छ। स्थानीय व्यापारी तथा सर्वसाधारणले यात्री सेवासँगै मालसामान ढुवानी सेवा विस्तार गर्नुपर्नेमा जोड दिएका छन्।

उनीहरूका अनुसार यात्रु मात्र बोक्ने सेवाबाट दीर्घकालीन नाफा सम्भव छैन।

समयमै व्यवस्थापन सुधार, दक्ष नेपाली जनशक्ति उत्पादन, मालवाहक सेवा विस्तार र ऋण व्यवस्थापनको स्पष्ट योजना लागू गर्न सके नेपालको रेल सेवा नाफामुखी बन्ने सम्भावना देखिन्छ। अन्यथा, बढ्दो ऋणको भारले सेवा अझ संकटमा पर्ने सरोकारवालाको चेतावनी छ।

# मधेशका ६ कारागारमा क्षमता......


कारागारमा हाल १ सय २८ महिला तथा २ हजार ९ सय ४१ पुरुष कैदी बन्दी छन् । जबकि महिलाको क्षमता ९९ जना रहेको छ भने पुरुषको क्षमता १ हजार १ सय २० जना रहेका छन् ।

जिल्लागत रुपमा सबै भन्दा बढी कैदी बन्दी पर्सामा रहेका छन् । पर्साको वीरगञ्ज स्थित कारागार को क्षमता २ सयको भए पनि १ हजार २ सय ५ कैदी बन्दी रहेको मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालयले जनाएको छ ।

सबै भन्दा कम कैदीबन्दी रौतहटको गौर स्थित कारागार मा छन् । रौतहटमा २ सय बन्दी राख्ने क्षमता भए पनि हाल २ सय ८ जना कैदी बन्दी रहेका छन् । अन्य जिल्लाहरूमा क्षमता भन्दा दुई गुणाले बढी कैदी बन्दीहरू रहेका छन् ।

कारागारहरू केन्द्र सरकारमा भएपनि यसको भौतिक व्यवस्थापन सहितका अन्य सेवाको काममा मधेश प्रदेशका गृह मन्त्रालयले विभिन्न प्रकार को सहयोग गर्दै आएको छ । मधेश प्रदेशका गृह सञ्चार तथा कानूनमन्त्री फकिरा महतोले सप्तरी, सिरहा तथा महोत्तरी जिल्लामा रहेका कारागारको स्थलगत निरीक्षण गर्नु भएको छ ।

अधिकांश कारागारमा खानेपानीको अभाव रहेको पाइएको छ। यसको समाधानका लागि सबै कारागारमा मधेश प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको सहयोगमा ३ सय देखि ७ सय फिटको बोरिङ गर्ने विषयमा छलफल गरेको र चाँडै जडान गरिदिने गृहमन्त्रीले जानकारी दिनुभयो ।

शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी
✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प


✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।
सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# धनुषाको हंसपुर-६ मा निःशुल्क एकदिने स्वास्थ्य शिविर सम्पन्न



**खबर दर्पण समाचारदाता**
**चैत्र २८ गते, महेन्द्रनगर**

धनुषा जिल्लाको हंसपुर नगर पालिका-६ मा एकदिने निःशुल्क स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न भएको छ। उक्त शिविर मा करिब पाँच सयभन्दा बढी स्थानीयवासीले स्वास्थ्य परीक्षण गराई सेवा लिएका छन्।

कार्यकर्म हंसपुर नगरपालिका वडा नं ६ को वडा अध्यक्ष सुरेन्द्र कुमार मण्डलको अध्येछता तथा वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. बृज मोहन रजकको प्रमुख आतिथ्यता तथा फिजिसियन तथा सर्जन डा. अस्मिता कनोजिया रजकको विशिष्ट आतिथ्यतामा शिविर सञ्चालन गरिएको थियो। शिविरमा जनरल फिजिसियन डा. सन्दीप महतो, बालरोग विशेषज्ञ डा. इन्द्र भूषण सिंह तथा हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा. विपिन पाण्डेले सेवा प्रदान गरेका थिए।

शिविर नैना हस्पिटल प्रा.लि. एण्ड दिव्या क्लिनिक र हंसपुर नगर पालिकाको सहकार्यमा आयोजना गरिएको हो।

कार्यक्रममा बोल्दै वरिष्ठ डा. रजकले महिलाहरूमा स्वास्थ्यसम्बन्धी जनचेतनाको कमीका कारण समयमै उपचार नपाउँदा ज्यानसमेत जोखिममा पर्ने गरेको बताए। उनले समयमै उपचार गरिएमा पाठेघरसम्बन्धी समस्याहरू समाधान गर्न सकिने जनाए।

त्यस्तै, जनरल फिजिसियन डा. सन्दीप महतोले ग्रामीण भेगका विपन्न वर्ग स्वास्थ्य सेवाबाट वञ्चित हुने भएकाले गाउँमै पुगेर यस्तो शिविर सञ्चालन गरिएको बताए।

बाँकी पृष्ठ ३ मा

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।
साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था र हेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।
अनुरोधकर्ता :
जनकपुरधाम उपमहनगरपालिका
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

# मध्यपूर्वमा युद्ध अन्त्यका लागि पाकिस्तानमा इरान-अमेरिका वार्ता सुरु

तेहरान । लामो समयदेखि अशान्त रहेको मध्यपूर्वमा जारी युद्ध अन्त्यका लागि इरान र अमेरिकाबीच पाकिस्तानको राजधानी इस्लामावादमा वार्ता सुरु भएको छ।

इरानी सञ्चारमाध्यमहरूले शनिबार सार्वजनिक गरेको जानकारीअनुसार दुई देशबीचको यो संवादलाई क्षेत्रीय शान्ति स्थापनाका लागि महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

इरानका प्रभावशाली समाचार संस्थाहरू फार्स र तस्निमले आधिकारिक स्रोतलाई उद्धृत गर्दै वार्ताको प्रक्रिया र एजेण्डा तय गर्न प्रारम्भिक छलफल भइसकेको जनाएका छन्।

विशेषगरी लेबनानको दक्षिणी बेरुतमा इजरायली सेनाको आक्रमणमा कमी आएपछि दुवै पक्ष वार्ताको टेबलमा बस्न सहमत भएको बताइएको छ। यस सकारात्मक प्रगतिसँगै औपचारिक रूपमा वार्ता अघि बढाउने निर्णय भएको ती सञ्चारमाध्यमको दावी छ।

यसैबीच, पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफको कार्यालयले पनि इस्लामावादमा शान्ति वार्ता सुरु भएको पुष्टि गरेको छ। इरानका अन्य समाचार निकायहरू मेहर र इस्नाले समेत वार्ता प्रक्रिया अघि बढेको समाचारलाई प्राथमिकताका साथ सम्प्रेषण गरेका छन्।

मध्यपूर्वमा बढ्दो तनावलाई कूटनीतिक माध्यमबाट समाधान गर्न यो वार्ताले ठोस मार्गचित्र तय गर्ने अपेक्षा गरिएको छ। (रासस/एएफपी)

Progressive Academy
Bardibas - 1, Mahottari
www.progressivebardibas.com

Learning Beyond Books
School Time:
7AM to 6 PM
A Semi-residential school.
✓ Integration of STEAM & PLE pedagogy
✓ Classrooms with AC and Smart Boards
✓ Focus on Moral Values & Culture
✓ Trained and Dedicated Teachers
✓ Technology Integrated Education
ADMISSIONS OPEN
Pre-School to Grade 8
Give your child an education that develops skills, confidence, and character.
98540-55122 | 044-590422

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल
➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,